नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गाईघाट, उदयपुर

०३५-४२०१३३
०३५-४२०१३२
०३५-४२०१३१
०३५-४२०७८७

प्रदेश नं.१, नेपाल

पत्र संख्याः-
चलानी नम्बरः-

# कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि उदयपुर जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट उदयपुर जिल्लाभर लागू हुने गरी जारी गरिएको आदेश

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको नयाँ प्रकारको कोभिड-१९ को संक्रमण उदयपुर जिल्लामा समेत देखिएकोमा हाल सक्रिय संक्रमित व्यक्तिको संख्या यस जिल्लामा ५०९ पुग्नुका साथै १६ जनाको दुःखद निधन समेत भइसकेको छ । सर्वसाधारण नागरिक एवं स्वास्थ्यकर्मी, राष्ट्रसेवक, शिक्षक, व्यवसायी, सञ्चारकर्मी, जनप्रतिनिधि लगायत सबै क्षेत्रका व्यक्तिमा कोभिड-१९ संक्रमण देखिएको र समुदायस्तरमा फैलिरहेको छ ।

यस जिल्लामा आइ.सी.यू. तथा भेन्टिलेटर सेवा पर्याप्त नभएको तथा स्वास्थ्य सम्बन्धी साधन श्रोत समेत सिमित मात्रामा रहेको सन्दर्भमा कोभिड-१९ संक्रमणले सृजना भएको जटिल परिस्थितिलाई समेत मध्यनजर गर्दै उदयपुर जिल्लालाई कोभिड-१९ को सम्भावित उच्च जोखिमबाट जोगाउन २०७८।०१।२४ गते राती १२:०० बजे देखि २०७८।०२।०७ गते राती १२:०० बजेसम्मका लागि जारी गरिएको आदेश थप गरी २०७८।०२।१४ गते राती १२:०० बजेसम्मका लागि उदयपुर जिल्लाभर लागू हुने गरी स्थानीय प्रशासन ऐन, २०२८ को दफ ६(३) र संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिमको अधिकार प्रयोग गरी तपसिल अनुरुप गर्न गराउन यो आदेश जारी गरिएको छ । आदेशको बर्खिलाप भए गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिलः

निषेधित कार्यहरु (गर्न नहुने कार्यहरु)

क. सार्वजनिक आवागमन, भेला, जमघट, समारोह सम्बन्धी

१. औषधी खरिद, अस्पताल आवत-जावत, बिरामी कुरुवा, मृत्यु संस्कार तथा आपतकालिन अवस्थामा बाहेक घर कम्पाउण्ड बाहिर हिंडडुल गर्न नपाइने,

२. अत्यावश्यक कार्य गर्ने सरकारी कार्यालय तथा संस्थानहरु बाहेक अन्य सम्पूर्ण सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्थाहरु सञ्चालन गर्न नपाइने,

३. सबै प्रकारका भेला, सम्मेलन, धार्मिक, साँस्कृतिक, सामाजिक गतिविधिहरु (जस्तैः कुलपूजा, देवाली आदी) गर्दा जमघटहरु गर्न गराउन नपाइने,

४. सार्वजनिक खेलकुद, नाच, मेला, जात्रा, महोत्सव, भोजभतेर र हाटबजार तथा भीडभाड हुने कार्यक्रमको आयोजना तथा सञ्चालन गर्न नपाइने,

५. मन्दिर, गुम्बा, चैत्य, बिहार, मस्जिद, चर्च आदिमा सामूहिक भेला हुन, सामूहिक रुपमा आश्रय लिइ बस्न तथा सामूहिक भेला हुने खालका कुनै किसिमका कार्यक्रम गर्न नपाइने,

६. कुनै पनि प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार, मानिसहरु भेला हुन, जुलुश वा प्रदर्शन जस्ता कार्य गर्न गराउन नपाइने,

तुलसी राम सेडाई
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गाईघाट, उदयपुर

☎ ०३५-४२०१३३
०३५-४२०१३२
०३५-४२०१३१
०३५-४२०७८७

प्रदेश नं.१, नेपाल

पत्र संख्याः-
चलानी नम्बरः-

७. रङ्गशाला, खेलकुदस्थल, मनोरन्जन स्थल, कवर्ड हल, फुटसल, शारीरिक सुगठन गर्ने स्थल, स्वीमिङ्ग पुल तथा जिमखाना, फिटनेस सेन्टर, सामूहिक खेलकुद, पार्टी प्यालेस, सैलुन तथा ब्युटिपार्लरहरु सञ्चालन गर्न नपाइने,

८. विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र लगायतका संस्थामा विद्यार्थी/शिक्षक भौतिक रुपमा भेला भई/गराई सिकाइ गतिविधि संचालन गर्न नपाइने ।

**ख. सार्वजनिक तथा निजी सवारी संचालन सम्बन्धमा**

१. सार्वजनिक तथा निजी यात्रुवाहक सवारी साधन संचालन गर्न नपाइने ।

२. तोकिएको स्वास्थ्य सुरक्षा मापदण्ड पालना नगरी/नगराई संचालन अनुमति प्राप्त सवारी साधन समेत प्रयोग तथा सञ्चालन गर्न नपाइने ।

## गर्न पाइने कार्यहरु

१. औषधी खरिद, अस्पताल, विरामी कुरुवा, मृत्यु संस्कार तथा आपतकालिन अवस्थामा तोकिएको स्थानमा मात्र आवत-जावत गर्न पाइने ।

२. अत्यावश्यक सेवाहरु जस्तैः एम्बुलेन्स, खानेपानी, स्वास्थ्य, पट्रोलियम पदार्थ, खाद्यान्न, तरकारी, फलफूल, दूध तथा दुग्धजन्य पदार्थ, दूरसंचार, इन्टरनेट, क्वारेन्टिन, आइसोलेशन, कुरियर, डाँक, फोहरमैला व्यवस्थापन लगायतका सेवाहरु मात्र संचालन गर्न पाउने ।

३. अत्यावश्यक कार्य गर्ने सरकारी कार्यालय तथा संस्थानहरुका कर्मचारीहरुका लागि सरकारी वा निजी सवारी साधनहरुमा पोशाक तथा परिचयपत्र साथ कार्यालय आवत-जावत गर्न पाउने ।

४. संचारकर्मी, पत्रकारहरुको हकमा सूचना संकलन र सम्प्रेषण गर्न सूचना विभागले जारी गरेको परिचय पत्र वा सम्बन्धित संचार गृहको परिचय पत्रको आधारमा आवत जावत गर्ने ।

५. माथि उल्लेखित बाहेक अन्य अत्यावश्यक काम (अस्पतालमा आउने जाने विरामी र कुरुवा, मृत्यु संस्कारमा अनिवार्य रुपमा सहभागी हुनुपर्ने) का लागि सवारी साधन प्रयोग गर्नु परेमा प्रमुख जिल्ला अधिकारीबाट जारी हुने अनुमति पत्र लिनु पर्ने । अनुमति माग्दा निवेदन, स्थानीय तहको सिफारिस र अस्पतालको कागजात समेत पेश गर्नु पर्नेछ ।

## अत्यावश्यक खाद्य सामग्री सम्बन्धमा

खाद्य सामग्री, तरकारी, फलफूल, अण्डा, कुखुरा, माछा तथा मासुको पसल व्यवसाय र औषधि (भेटनरी समेत) बाहेक अन्य पसल व्यवसाय हाललाई बन्द गर्ने । संचालन गर्न पाइने पसल व्यवसाय नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्डको पूर्ण रुपमा पालना गर्ने गराउने गरी विहान ७:०० देखि ९:०० बजेसम्म मात्र खुल्ला गर्ने ।

## अन्य विषय

यस जिल्लामा प्रवेश गर्ने व्यक्तिहरुले अनिवार्य रुपमा स्थानीय तहले तोकेको क्वारेन्टिन र होम आइसोलेसनमा बस्नु पर्ने । माथि उल्लेखित आदेशका साथै नेपाल सरकार मन्त्रिपरिषद्बाट कोभिड-१९ को नियन्त्रण सम्बन्धी कुनै आदेश जारी भएमा सोही बमोजिम हुनेछ ।

०७८/१/१६
तुलसी राम सेढाई
प्रमुख जिल्ला अधिकारी